सोलुदुधकुण्ड नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

प्रदेश नं. १, नेपाल

## ट्र्याक्टर ट्रली सहित आपूर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशन मिति :२०७६/०५/१९ गते)

१) यस नगरपालिकालाई आवश्यक पर्ने तपसिल बमोजिमका उपकरण सप्लाई गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरूको अधिनमा रही रीतपूर्वकको छुट्टा छुट्टै बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२) यो सूचना प्रकाशित भएको मिति देखि ३०औं दिनसम्म बोलपत्र फाराम यस कार्यालयमा सम्बन्धित आपूर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नवीकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नवीकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ.व. २०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र नियमानुसारको तपसिलमा उल्लेख बोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी) निवेदन साथ पेश गरेपछि नियमानुसार छुट्टा छुट्टै बोलपत्र फाराम यस कार्यालयबाट उपलब्ध गराईने छ ।

३) खरिद गरिएका बोलपत्र फारामहरूको महलहरू स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथमपटक सूचना प्रकाशित भएको मितिदेखि ३१औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गराउन सकिने छ ।

४) बोलपत्र फारामसाथ जमानत वापतको रकम यस नगरपालिकाको सल्लेरीस्थित राष्ट्रिय वाणिज्य बैंकमा रहेको धरौटी खाता नं. २०२०३०३००३००१ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा १२० दिन म्याद भएको बोलपत्र बुझाउने अन्तिम मिति देखि) नेपाल सरकारको मान्यता प्राप्त बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा बिडबण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिईने छ ।

५) दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरू यस कार्यालयमा बोलपत्रदाताहरू वा निजको प्रतिनिधिहरूको रोहवरमा ३१औं दिनको २:०० बजे खोलिने छ तर निजहरूको अनुपस्थित पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू बिदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रीत नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन । बोलपत्रमा प्रत्येक आईटम दररेट भ्याट बाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

७) बोलपत्र सम्बन्धी अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

८) बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिने छ ।

९) अन्य कार्यविधिहरू सार्वजनिक खरिद ऐन २०६३ (संशोधित), सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित) तथा अन्य प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

१०) बोलपत्र सम्बन्धी थप जानकारीको लागि यस नगरपालिका कार्यालयमा कार्यालय समयसम्म सम्पर्क गर्न सकिने छ ।

| बोलपत्र/ठेक्का नं. | सामान/उपकरणको नाम | आवश्यक संख्या | बोलपत्र फाराम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| ०२।२०७६।०७७ | ट्र्याक्टर ट्रली सहित (बोलपत्र पुस्तिकामा संलग्न स्पेशिफिकेसन बमोजिम) | थान १ (एक) | ३,०००।- | ७०,०००।- |

प्रमुख प्रशासकीय अधिकृत